

। शिक्षण
सिपमूलक
शिक्षालाई
पेक्ष शिक्षा
बजारको
धन गर्न
गर्नुपर्ने
वक्ताहरुले
ँ तथा
जिल्लामै
र्न सकिने
ना जोड

कलेजका
गिरीको
भएको
कलेजका
र्नुभएको
महेन्द्र
क्याम्पस
पौडेल,
प्राचार्य
अध्यक्ष
पस्थिती

भएको छ। विद्यालय प्राङ्गणमा आयोजित उक्त कार्यक्रममा शिक्षक, अभिभावक र विद्यार्थीहरूको उपस्थिति रहेको थियो।

कार्यक्रमकी प्रमुख अतिथि राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा कार्यरत सहायक प्राध्यापक डा. बीता विश्वकर्माले विद्यार्थीहरूलाई आगामी जीवनका लागि शुभकामना व्यक्त गर्नुभयो। उहाँले शिक्षामा कडा परिश्रम र इमानदारीको महत्त्वमाथि प्रकाश पार्दै कक्षा १० का विद्यार्थीहरूको मेहनत र समर्पणको प्रशंसा गर्नुभयो। साथै, कक्षा ११ र १२ को तयारीका लागि प्रेरित गर्नुभयो।

कार्यक्रमको मुख्य आकर्षण कन्भोकेसन समारोह थियो, जहाँ कक्षा १० का सबै विद्यार्थीलाई प्रमाणपत्र र उपाधि प्रदान गरियो। बिदाइको क्षणमा शिक्षक र विद्यार्थीहरूको आँखामा भावुकता देखिएको थियो। शिक्षक अरविन्द अधिकारीले विद्यार्थीहरूको सफलता



र सङ्घर्षको चर्चा गर्दै भविष्यमा आउने चुनौतीहरूको सामना गर्न सचेत गराउनुभयो। विद्यार्थीहरूले विद्यालयका विभिन्न कक्षागत गतिविधिमा सहभागी भएर सिकेका पाठ र विद्यालयको योगदानबारे भावना व्यक्त गरेका थिए।

कार्यक्रममा शिक्षकहरू इ. सन्तोषकुमार कसौधन, परीक्षा संयोजक विवेक देवकोटा, प्लस टु संयोजक राजन अधिकारी र सहप्रधानाध्यापक महेन्द्र पौडेलले शुभकामना मन्तव्य राख्नुभएको थियो। विद्यार्थीहरूले पनि आफ्ना भनाइ प्रस्तुत गरेका थिए। सो अवसरमा साङ्गीतिक प्रस्तुतिले कार्यक्रममा थप रौनक थपेको थियो।

विद्यालयका प्रधानाध्यापक डा. कृष्णराज डिसीले विद्यार्थीहरूलाई एकताबद्ध र जिम्मेवार नागरिक बन्न प्रेरणा दिँदै आगामी यात्रामा सफलताको शुभकामना व्यक्त गर्नुभयो। कार्यक्रमले विद्यार्थीहरूको खुसी र उत्साहमार्फत समृद्ध भविष्यको सङ्केत गरेको छ। सम्पूर्ण कार्यक्रमले विद्यार्थीहरूको कडा मेहनत र विद्यालयको सशक्त शिक्षण प्रणालीको झल्को दिएको छ।

प्रधानाध्यापक डा. कृष्णराज डिसीको अध्यक्षतामा भएको यो कार्यक्रम विद्यालय संयोजक भुवन आचार्यको स्वागत मन्तव्यबाट सुरु भएको थियो। कार्यक्रमको सहजीकरण आइएसए संयोजक तथा शिक्षक इन्द्रप्रसाद पोखरेलले गर्नुभएको थियो भने व्यवस्थापन शिक्षक विवेक देवकोटाले गर्नुभएको थियो।

# श्री मनिकापुर वगाले विसौना सामुदायिक वन उपभोक्ता समुह

**गढवा गा.पा. वडा नं. ६ मनिकापुर दाङ (देउखुरी)**

## काठ/दाउरा लिलाम विक्री सम्बन्धी २१ दिने सुचना

**प्रथम पटक प्रकाशन मिति २०८१।१२।१९ गते मंगलवार**

उपरोक्त सम्वन्धमा यस श्री मनिकापुर बगाले विसौना सामुदायिक वन उपभोक्ता समुह गढवा गा पा ६ मनिकापुर दाङ देउखुरीको आ व २०८०।०८१ मा सकलन गरी घाटगद्दी गरी राखेको काठ साल तथा अन्य गरी जम्मा गोलिया थान २३६ को २७१९।५८ र साल दाउरा ४।५ चट्टा डिभिजन वन कार्यालय दाङ देउखुरी लमही दाङ को च न १७१९ मिति २०८१।१२।११ गतेका सामुदायिक वनको काठ दाउरा लिलाम विक्री आदेशानुसार उक्त काठ दाउरा बिभिन्न लट वनाइ राखेकोमा जे जस्तो अवस्थामा रहेको छ सोही अवस्थामा लिलाम विक्री गर्नु पर्ने भएको हुँदा काठ/दाउरामा आधारित संचालनमा रहेका उद्योगहरुले डिभिजन वन कार्यालयमा सुचिकृत भएका लिलाममा भाग लिन ईच्छुक काठ/दाउरामा आधारित संचालनमा रहेका उद्योगहरुका प्रोप्राईटरहरुले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, कर दर्ता प्रमाण पत्रको प्रतिलिपी, मुल्य अभिवृद्धिकर दर्ता प्रमाण पत्रको प्रतिलिपी वा स्थायी लेखा नं. (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपी डिभिजन वन कार्यालयमा सुचिकृत भएको प्रमाण पत्रको प्रतिलिपी, सहित बोल पत्र खरिद गरी शिल वन्दी बोलपत्र २१ दिन भित्र पेश गर्नु पर्नेछ। विस्तृत सूचना यस समुहको कार्यलयमा सम्पर्क गर्न सकिनेछ।

अध्यक्ष

**श्री मनिकापुर वगाले विसौना सामुदायिक वन उपभोक्ता समुह**

**गढवा गा पा ६ मनिकापुर दाङ देउखुरी**